सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन बापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष १० ♦ अंक १२ ♦ २०८३ साल असोज २४ शनिवार ♦ 10 Oct 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## नेपाली कांग्रेसको केन्द्रीय सभापतिमा गगनकुमार थापा निर्वाचित

**खबर दर्पण समाचारदाता**

**असोज २३ गते, बर्दिवास**

नेपाली कांग्रेसको केन्द्रीय सभापतिमा गगनकुमार थापा निर्वाचित हुनुभएको छ।

नेपाली कांग्रेसको विधान, २०१७ (एघारौं संशोधनसहित) तथा निर्वाचन निर्देशिका, २०८२ बमोजिम सम्पन्न पार्टीको १५औं महाधिवेशनअन्तर्गत केन्द्रीय कार्यसमितिको निर्वाचनमा थापा सभापति पदमा निर्वाचित हुनुभएको हो।

नेपाली कांग्रेसको १५ औं महाधिवेशन अन्तर्गत शुक्रबार मतदान भएको थियो । नेपाली कांग्रेस केन्द्रीय निर्वाचन समितिले असोज २४ गते सार्वजनिक गरेको निर्वाचन परिणामअनुसार सभापति पदका उम्मेदवार थापाले छ हजार ५८४ मत प्राप्त गर्नुभएको छ। उहाँका प्रतिस्पर्धी श्यामकृष्ण खड्गीले ३७५ मत प्राप्त गर्नुभएको छ।

निर्वाचन समितिका अनुसार कुल सात हजार १३ मत खसेकोमा ५४ मत बदर भएको थियो। कायम मत सङ्ख्या छ हजार ९५९ रहेको निर्वाचन परिणाममा उल्लेख छ। निर्वाचन समितिका संयोजक प्रेमबहादुर खड्कासहित सदस्य सचिव राजु कटवाल र सदस्य सुजन लोप्चनले हस्ताक्षर गरी निर्वाचन परिणाम सार्वजनिक गर्नुभएको हो।




थापा यस अघि भएको विशेष महाधिवेशनबाट पनि सभापति पदमा निर्वाचित हुनु भएको थियो ।

## लोकदोहोरी गीत प्रतिष्ठानको अध्यक्षमा पशुपति शर्मा निर्विरोध चयन




अध्यक्ष पशुपति शर्मा | बरिष्ठ उपाध्यक्ष दिपक खड्का | प्रथम उपाध्यक्ष सुवास केसी | द्वितिय उपाध्यक्ष राजु ढकाल | महासचिव शिव हमाल | कोषाध्यक्ष जुना श्रीष मगर | सहकोषाध्यक्ष सम्झना भण्डारी



सचिव कृष्ण प्रसाद गौतम

**खबर दर्पण समाचारदाता**

**असोज २३ गते, बर्दिवास**

राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान नेपालको अध्यक्षमा पशुपति शर्मा निर्विरोध निर्वाचित हुनुभएको छ। प्रतिष्ठानको नवौँ राष्ट्रिय महाधिवेशनअन्तर्गत अध्यक्ष पदमा शर्माको मात्रै उम्मेदवारी परेपछि उहाँ निर्विरोध निर्वाचित हुनुभएको हो।

यसअघि प्रतिष्ठानको वरिष्ठ उपाध्यक्ष रहनुभएका शर्मा अध्यक्षमा निर्वाचित हुनुभएको हो।

लामो समयदेखि नेपाली लोकसङ्गीतमा सक्रिय शर्माले यस क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाएका छन्। मौलिक लोकभाका, व्यङ्ग्यात्मक प्रस्तुति र जनजीवनसँग जोडिएका गीतमार्फत उनी दर्शक तथा श्रोतामाझ लोकप्रिय छन्।

यसैगरी महासचिवमा शिव हमाल पनि निर्विरोध निर्वाचित हुनुभएको छ।त्यस्तै, वरिष्ठ उपाध्यक्षमा दीपक खड्का, प्रथम उपाध्यक्षमा सुवास केसी, द्वितीय उपाध्यक्षमा राजु ढकाल, महासचिवमा शिव हमाल, कोषाध्यक्षमा जुना श्रीष मगर र सहकोषाध्यक्षमा सम्झना भण्डारी पनि निर्विरोध निर्वाचित भएको निर्वाचन समितिका संयोजक अधिवक्ता राधाकृष्ण पाठकले जानकारी दिनुभएको छ।

प्रतिष्ठानको केन्द्रीय समितिमा ३८ पदाधिकारी र ३७ सदस्यसहित ७५ सदस्यीय समिति रहने व्यवस्था छ। महाधिवेशनअन्तर्गत बर्दिबासका समाजसेवी तथा उद्योगी कृष्णप्रसाद गौतम सचिव पदमा सर्वसम्मत हुनुभएको छ। गौतम रोटरी क्लब अफ बर्दिबासका अध्यक्षसमेत रहिसक्नुभएको छ। उहाँ सामाजिक संघसंस्थामा नेतृत्वदायी भूमिकामा सक्रिय रहँदै आउनुभएको छ।

शीर्ष नेतृत्व निर्विरोध चयन भएसँगै अब अन्य उपाध्यक्ष, महिला उपाध्यक्ष तथा केन्द्रीय सदस्य पदको निर्वाचनमा ध्यान केन्द्रित भएको छ। ती पदहरूमा प्रतिस्पर्धा रहेकाले महाधिवेशनस्थल बर्दिबासमा चुनावी माहोल तातेको छ।

प्रतिष्ठानको बृहत्तर हित, आपसी सद्भाव र संस्थागत एकताका लागि उम्मेदवारी फिर्ता लिने आकांक्षीहरूको निर्णयसँगै शीर्ष नेतृत्व चयनको प्रक्रिया सहमतिमा टुंगिएको हो। बाँकी पदहरूको निर्वाचनपछि प्रतिष्ठानको नयाँ कार्यसमितिले पूर्णता पाउनेछ।

प्रतिष्ठानको नवौँ राष्ट्रिय महाधिवेशनको उद्घाटन रामआशीष यादवले गर्नुभएको थियो। उद्घाटनसत्र सम्पन्न भएसँगै निर्वाचन कार्यक्रम सुरु भएको थियो।

महाधिवेशनमा सातै प्रदेश, ७० जिल्ला तथा विदेशस्थित शाखासहित १०० वटा समितिबाट करिब एक हजार ५०० प्रतिनिधि सहभागी भएका छन्। महाधिवेशनमा नयाँ नेतृत्व चयनका लागि मतदान प्रक्रिया अघि बढाइएको थियो।

निर्वाचन समितिका अनुसार मतदानको परिणाम शनिबार महाधिवेशनको समापन कार्यक्रममा घोषणा गरिनेछ। महाधिवेशनले प्रतिष्ठानको आगामी कार्यकालका लागि नयाँ नेतृत्व चयन गर्नेछ।

# को हुन् नवनिर्वाचित कांग्रेस सभापति गगनकुमार थापा?

## ९४ प्रतिशत मतसहित पार्टीको नेतृत्वमा, विद्यार्थी राजनीतिदेखि सभापतिसम्मको यात्रा

अजयकुमार साह



नेपाली कांग्रेसको १५औं महाधिवेशनबाट गगनकुमार थापा पार्टीको सभापतिमा निर्वाचित हुनुभएको छ। काठमाडौंमा सम्पन्न महाधिवेशनअन्तर्गत आगामी चार वर्षे कार्यकालका लागि भएको निर्वाचनमा उहाँले प्रतिस्पर्धी श्यामकृष्ण खड्गीलाई पराजित गर्दै पार्टीको नेतृत्व सम्हाल्नुभएको हो।

निर्वाचन समितिका अनुसार कुल ७ हजार ३१७ मतदाता रहेकामा ७ हजार ३९ मत खसेको थियो। त्यसमध्ये थापाले ६ हजार ५८४ मत अर्थात् ९३.८८ प्रतिशत मत प्राप्त गर्नुभयो। उहाँका प्रतिस्पर्धी खड्गीले ३७५ मत प्राप्त गर्दा ५४ मत बदर भएका थिए। थापाले खड्गीभन्दा ६ हजार २०९ मत बढी प्राप्त गर्नुभयो।

यसअघि गत पुसमा तत्कालीन केन्द्रीय कार्यसमितिभित्रको असहमतिबीच विशेष महाधिवेशन आयोजना गरी थापाको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरिएको थियो। सोही कार्यसमितिले १५औं महाधिवेशन आयोजना गरेको हो। यस महाधिवेशनबाट थापा औपचारिक रूपमा पार्टी सभापतिमा निर्वाचित हुनुभएको छ।

### सोलुखुम्बुमा जन्म, काठमाडौंमा शिक्षा

गगनकुमार थापाको जन्म २०३३ साल साउन ४ गते सोलुखुम्बुमा महेन्द्रकुमार थापा र रामेश्वरी थापाको सन्तानका रूपमा भएको हो। उहाँले माध्यमिक तहको शिक्षा काठमाडौँस्थित सिद्धार्थ वनस्थली हाइस्कुलबाट हासिल गर्नुभएको हो। विद्यार्थी जीवनमा उहाँको रुचि सुरुमा डाक्टर वा इन्जिनियर बन्ने थियो। संयोगवश, पछि सभापति पदमै उहाँसँग प्रतिस्पर्धा गरेका श्यामकृष्ण खड्गी उहाँलाई गणित पढाउने शिक्षकसमेत हुनुहुन्थ्यो।

थापाले समाजशास्त्रमा स्नातकोत्तर गर्नुभएको छ। उहाँले २०६५ वैशाखमा नेपाली कांग्रेसका नेता अर्जुननरसिंह केसीकी छोरी अञ्जना केसीसँग विवाह गर्नुभएको हो। अध्ययन, चलचित्र हेर्ने र घुमफिर गर्ने उहाँका रुचि हुन्। उहाँले 'संविधानसभामा नेपाली कांग्रेस' नामक पुस्तकसमेत लेख्नुभएको छ।

### विद्यार्थी राजनीतिबाट राष्ट्रिय राजनीतिसम्म

थापाको राजनीतिक यात्रा २०४६ सालको जनआन्दोलनबाट सुरु भएको हो। नेपाली कांग्रेसको भ्रातृ संस्था नेपाल विद्यार्थी संघ ( नेविसंघ) मार्फत विद्यार्थी राजनीतिमा सक्रिय उहाँ २०५१ सालमा त्रिचन्द्र क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) सदस्य, २०५३ सालमा सचिव र २०५५ सालमा सभापति निर्वाचित हुनुभयो।

त्यसपछि २०५७ सालमा नेविसंघको केन्द्रीय उपाध्यक्ष बन्नुभएका थापा २०५९ देखि २०६१ सालसम्म संगठनको महामन्त्री रहनुभयो। विद्यार्थी राजनीतिमा सक्रिय रहँदै उहाँले संगठन निर्माण र र ाजनीतिक अभियानमा आफ्नो भूमिका विस्तार गर्नुभयो।

२०६२-०६३ को जनआन्दोलनका क्रममा तत्कालीन राजा ज्ञानेन्द्र शाहको प्रत्यक्ष शासनविरुद्ध उहाँले गरेका भाषणले उहाँलाई राष्ट्रिय राजनीतिमा थप परिचित बनायो। त्यसपछि उहाँ युवा पुस्ताका चर्चित कांग्रेस नेताका रूपमा स्थापित हुनुभयो।

### कांग्रेसको केन्द्रीय नेतृत्वमा उदय

पार्टीभित्र पुस्तान्तरण, नेतृत्व परिवर्तन र संगठनात्मक सुधारका विषय उठाउँदै आउनुभएका थापा नेपाली कांग्रेसको १२औं महाधिवेशनमा सर्वाधिक मत प्राप्त गरी केन्द्रीय सदस्य निर्वाचित हुनुभएको थियो।

१३औं महाधिवेशनमा कृष्णप्रसाद सिटौला समूहबाट महामन्त्री पदमा उम्मेदवारी दिनुभएका उहाँ तेस्रो स्थानमा रहनुभयो। त्यसपछि तत्कालीन सभापति शेरबहादुर देउवाले उहाँलाई केन्द्रीय सदस्यमा मनोनयन गर्नुभएको थियो।

१४औं महाधिवेशनमा डा. शेखर कोइराला समूहबाट महामन्त्री पदमा उम्मेदवारी दिनुभएका थापा सर्वाधिक मतसहित निर्वाचित हुनुभयो। महामन्त्रीका रूपमा काम गरेपछि उहाँले पार्टीको नेतृत्व परिवर्तन र संगठन सुधारको बहसलाई निरन्तरता दिनुभयो। विशेष महाधिवेशनबाट नेतृत्वमा पुगेपछि उहाँले १५औं महाधिवेशनमा सभापति पदको जिम्मेवारी औपचारिक रूपमा प्राप्त गर्नुभएको छ।

### चार पटक सांसद, स्वास्थ्य मन्त्रीसमेत

गगनकुमार थापा २०६४ सालको संविधानसभा निर्वाचनमा समानुपातिक प्रणालीबाट संविधानसभा सदस्य बन्नुभएको थियो। त्यसपछि २०७०, २०७४ र २०७९ सालका निर्वाचनमा काठमाडौं निर्वाचन क्षेत्र नम्बर ४ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित हुनुभयो।

संसदीय भूमिकाका क्रममा उहाँले २०७१ सालमा व्यवस्थापिका संसद्को कृषि तथा जलस्रोत समितिको सभापतिको जिम्मेवारी सम्हाल्नुभयो। २०७३ सालमा स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री नियुक्त हुनुभएका उहाँले स्वास्थ्य क्षेत्रका नीतिगत सुधारका प्रयासमा काम गर्नुभएको थियो।

संसद् र सरकार दुवैमा काम गरेको अनुभवका आधारमा उहाँको राजनीतिक यात्रा विद्यार्थी संगठनबाट संसदीय नेतृत्व हुँदै पार्टीको सर्वोच्च कार्यकारी पदसम्म पुगेको देखिन्छ।

### नयाँ नेतृत्वसामु चुनौती

गगनकुमार थापा नेपाली कांग्रेसभित्र नेतृत्व परिवर्तन, पुस्तान्तरण र संगठनात्मक सुधारका विषय उठाउँदै आउनुभएको नेता हुनुहुन्छ। विशेष महाधिवेशनबाट नेतृत्वमा पुग्नुभएका उहाँले १५औं महाधिवेशनबाट ९३.८८ प्रतिशत मतसहित सभापतिको जिम्मेवारी प्राप्त गर्नुभएको छ।

अब उहाँको नेतृत्वमा पार्टी संगठनलाई प्रभावकारी बनाउने, आन्तरिक एकता कायम गर्ने, कार्यकर्ताको विश्वास बलियो बनाउने र जनतासँगको सम्बन्धलाई सुदृढ गर्ने विषय महत्त्वपूर्ण हुनेछन्। सभापतिका रूपमा उहाँले पार्टीको नीति, संगठन र आगामी राजनीतिक कार्यदिशालाई कसरी अघि बढाउनुहुन्छ भन्ने विषय आगामी कार्यकालमा चासोका साथ हेरिनेछ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फयुज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फयुज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# औरहीको सोनामाई मन्दिर...

**मन्दिरको संरक्षण र मेलाको व्यवस्थापनमा जोड**

श्री सोनामाई मन्दिर संरक्षण तथा संवर्द्धन समितिका निमित्त अध्यक्ष अम्बिका प्रसाद यादवले सोनासति महारानीको मेला स्थानीय समुदायको धार्मिक आस्था र परम्परासँग जोडिएको महत्वपूर्ण पर्व भएको बताउनुभयो। उहाँले मेलालाई विगतका वर्षभन्दा अझ व्यवस्थित र मर्यादित बनाउन स्थानीय वडा कार्यालय तथा युवालाई व्यवस्थापनको जिम्मेवारी दिइएको जानकारी दिनुभयो।मन्दिर समितिका तर्फबाट मेलालाई सफल बनाउन आवश्यक सहयोग गरिने उहाँको भनाइ छ।

त्यस्तै, वडा अध्यक्ष जितेन्द्र यादवले सोनामाई मन्दिर यस क्षेत्रको ऐतिहासिक तथा धार्मिक आस्थाको प्रमुख केन्द्र रहेको बताउँदै मेलालाई सभ्य, भव्य र अनुशासित रूपमा सम्पन्न गर्नु सबैको साझा दायित्व भएको उल्लेख गर्नुभयो। उहाँले भक्तजनलाई सुरक्षा, सुविधा र सहज वातावरण उपलब्ध गराउन वडा कार्यालय तथा स्थानीय समिति प्रतिबद्ध रहेको बताउनुभयो।

मेला उपसमितिका अध्यक्ष विकेश यादवले यस वर्षको मेलालाई विगतभन्दा अझ व्यवस्थित, सुरक्षित र भव्य बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो। टाढाटाढाबाट आउने भक्तजन तथा व्यापारीलाई सहज वातावरण उपलब्ध गराउन सम्बन्धित सबै पक्षसँग समन्वय गरिने उहाँले बताउनुभयो।

**सुरक्षा व्यवस्था र ठेक्का प्रक्रियाको तयारी**

मेला अवधिभर शान्ति सुरक्षा कायम राख्न जिल्ला तथा इलाका प्रहरी प्रशासनसँग आवश्यक सुरक्षाकर्मी परिचालनका लागि अनुरोध गर्ने निर्णय बैठकले गरेको छ। बाहिरबाट आउने भक्तजनको सेवा, बलि प्रदान, सन्ध्या आरती तथा मेलामा सहभागी हुने व्यापारीका लागि आवश्यक व्यवस्थापन मिलाइने जनाइएको छ।

यसैगरी, मेला सञ्चालनलाई पारदर्शी र व्यवस्थित बनाउन असोज २४ गते शनिबार सोनामाई मेलाको ठेक्का प्रक्रिया अघि बढाउने निर्णयसमेत बैठकले सर्वसम्मत रूपमा पारित गरेको छ। ठेक्का प्रक्रियामा सहभागी हुन इच्छुक ठेकेदारलाई समयमै जानकारी गराई आमन्त्रण गरिने आयोजकले जनाएको छ।

धार्मिक आस्था र परम्पराका कारण चर्चित सोनामाई मन्दिरको मेलामा प्रत्येक वर्ष भक्तजनको सहभागिता रहने गरेको छ। यस वर्ष पनि आवश्यक व्यवस्थापन, सुरक्षा र सरसफाइमा विशेष ध्यान दिँदै मेला सफल बनाउने तयारी भइरहेको आयोजकले जनाएको छ।

# अन्तर्राष्ट्रिय रेस्लिङ प्रतियोगितामा तराई टाइगरको जित

**खबर दर्पण समाचारदाता**

**असोज २३ गते, बर्दिवास**



मधेस प्रदेशका रेस्लिङ खेलाडी दयाराम महतो 'तराई टाइगर'ले अन्तर्राष्ट्रिय रेस्लिङ प्रतियोगितामा जित हासिल गर्नुभएको छ।

हिमालयन टाइगर प्रो रेसलिङ एसोसिएसनको आयोजनामा शुक्रबार काठमाडौंमा भएको अन्तर्राष्ट्रिय रेस्लिङ प्रतियोगितामा महतोले पाकिस्तानका रेस्लिङ खेलाडी शेर खानलाई पराजित गर्नुभएको हो।

धनुषाको ढल्केबरलाई कार्यक्षेत्र बनाएर रेस्लिङ खेलमा सक्रिय महतो मधेस प्रदेशका एक मात्र रेस्लिङ खेलाडीका रूपमा परिचित हुनुहुन्छ। अन्तर्राष्ट्रिय प्रतियोगितामा पाकिस्तानका खेलाडीलाई पराजित गर्दै उहाँले आफ्नो खेल कौशल प्रदर्शन गर्नुभएको छ।

अन्तर्राष्ट्रिय प्रतियोगितामा महतोले हासिल गर्नुभएको जितले मधेस प्रदेशको खेलकुद क्षेत्रमा उत्साह थपेको छ। उहाँको सफलताले नेपाली रेस्लिङ खेलको पहिचान स्थापित गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

**सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं**

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

**सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार**

**मटिहानी नगरपालिका, महोत्तरी**

**सर्पको टोकाइबाट बचौं र बचाऔं**

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

**औरही नगरपालिका, महोत्तरी**

मधेस प्रदेश सरकार
श्रम तथा यातायात मन्त्रालय
यातायात व्यवस्था कार्यालय
बर्दिवास महोत्तरी नेपाल

**सुचना सुचना सुचना**

समयमा सवारी कर तिरी ट्राफिक जरिवानाबाट बचौं ।
सभ्य नागरिकको परिचय दिऔं ।

**यातायात व्यवस्था कार्यालय, वर्दिवास, महोत्तरी**

**डेंगुबाट कसरी बच्ने?**

- बाहुला भएको/ शरीर ढाकिने लुगा लगाउने
- दिउँसो सुत्दा पनि झुल प्रयोग गर्ने।
- साना केटाकेटीलाई जुनसुकै समयमा झुलभित्र सुताउने।
- लामखुट्टे भगाउने मलहम दल्न पनि सकिन्छ।
- घरका झ्याल ढोकामा जाली लगाउने।

**डेंगुको उपचार के ?**

डेंगु विरुद्धको कुनै औषधि नै बनेको छैन।
- डेंगु लाग्दा चिकित्सकको उच्च निगरानीमा बस्नुको विकल्प नै छैन।
- डेंगु लाग्दा मनलाग्दी औषधि सेवन गर्नुहुन्न।
- एन्टिबायोटिकको प्रयोग झनै घातक हुन सक्छ।

**जलेश्वर नगरपालिका, महोत्तरी**

**सचेत उपभोक्ता बनौं**

**सामान खरिद गर्दा देहायका विषय एकिन गरौः**

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं**

**भुक्तानी गरेको मूल्य बराबरको बिल लिऔं**

**गौशाला नगरपालिका, महोत्तरी**

**स्वच्छ शहरः स्वस्थ्य शहर**

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-विरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं।**

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

# औरहीको सोनामाई मन्दिरमा भव्य भूत मेला लाग्ने,तयारी तीव्र



धर्वेन्द्रकुमार यादव 'यदुवंशी'
**असोज २३ गते, महोत्तरी**

महोत्तरीको औरही नगर पालिका-७, भोइल गाउँस्थित प्रसिद्ध सोनासति महारानी अर्थात् श्री सोनामाई मन्दिरमा बडादसैँको अवसरमा विशेष पूजाआजा तथा भव्य भूत मेला आयोजना हुने भएको छ। मेला व्यवस्थित,मर्यादित र शान्तिपूर्ण रूपमा सम्पन्न गर्न स्थानीयस्तर मा तयारी तीव्र पारिएको छ।

श्री सोनामाई मन्दिर संरक्षण तथा संवर्द्धन समितिका निमित्त अध्यक्ष अम्बिका प्रसाद यादवले मेला सञ्चालनको जिम्मेवारी वडा अध्यक्ष जितेन्द्र यादवलाई सुम्पिएपछि वडा अध्यक्ष यादवको अध्यक्षतामा बसेको बैठकले मेला व्यवस्थापनका लागि ११ सदस्यीय श्री सोनामाई मेला उपसमिति गठन गरेको हो।

गठित उपसमितिको अध्यक्षमा विकेश यादव, उपाध्यक्षमा रवि यादव, कोषाध्यक्षमा रञ्जित यादव र सचिवमा जितेन्द्र ठाकुर चयन हुनुभएको छ। त्यस्तै, सदस्यहरूमा अशोक कापड, प्रमोद सुडी, आकाश चौधरी र राजेश यादव रहनुभएको छ। उपसमितिमा आवश्यकताअनुसार थप सदस्य समावेश गर्ने निर्णयसमेत बैठकले गरेको छ।

**शनिबार बृहत् सरसफाइ कार्यक्रम**

मन्दिर परिसर तथा मेलास्थललाई सफा, स्वच्छ र व्यवस्थित बनाउने उद्देश्यले असोज २४ गते शनिबार बृहत् सरसफाइ कार्यक्रम सञ्चालन गरिने भएको छ। मेलामा आउने भक्तजन तथा दर्शनार्थीलाई सहज वातावरण उपलब्ध गराउने लक्ष्यसहित मन्दिर परिसर र आसपासका क्षेत्रमा सरसफाइ गर्न लागिएको आयोजकले जनाएको छ।

सरसफाइ अभियानमा सहभागी हुन स्थानीय युवा, समाजसेवी तथा सम्पूर्ण वडावासीलाई आयोजकले आग्रह गरेका छन्।

**घटस्थापनामा कलश यात्रा निकालिने**

सोनामाई मन्दिरमा गत वर्षदेखि घटस्थापनाका दिन कलश यात्रा निकाल्ने परम्परा सुरु गरिएको हो। यस वर्ष पनि असोज २५ गते आइतबार घटस्थापनाका दिन औरही नगरपालिका-२, फुलबरिया गाउँको पश्चिमतर्फ बग्ने जङ्गा, बेतो र पचाइन नदीको सङ्गमस्थलबाट सोनामाई मन्दिरसम्म कलश यात्रा निकालिने भएको छ।

सङ्गमस्थलबाट धार्मिक विधिअनुसार जल भरेर निकालिने कलश यात्रामा स्थानीय श्रद्धालु भक्तजनको उल्लेख्य सहभागिता रहने अपेक्षा गरिएको छ। कलश मन्दिरमा पुर्‍याएपछि विधिपूर्वक पूजाआजा गरिनेछ।

कलश यात्रालाई भव्य बनाउन राजनीतिकर्मी, युवा, विद्यार्थी, कर्मचारी, किसान, मजदुर तथा व्यापारीलगायत सबै वर्गलाई सक्रिय सहभागिताका लागि आह्वान गरिएको छ।

बाँकी पृष्ठ ३ मा

# यशोदा असोज महिनाको उत्कृष्ट शिक्षक घोषित



खबर दर्पण समाचारदाता
**असोज २३ गते, बर्दिवास**

गौशाला नगरपालिका-१२ कान्तिबजारस्थित राष्ट्रिय माध्यमिक विद्यालयले शिक्षिका यशोदा लामिछानेलाई असोज महिनाको उत्कृष्ट शिक्षकका रूपमा सम्मान गरेको छ।शुक्रबार विद्यालयका प्रधानाध्यापक रामस्नेही यादवले लामिछानेलाई प्रशंसापत्र प्रदान गर्दै सम्मानित गरेका हुन्।

विद्यालयमा नियमित उपस्थिति, कक्षाकोठामा प्रभावकारी शिक्षण, अतिरिक्त क्रियाकलापमा सक्रिय सहभागिता, विद्यालयमा अनुशासन कायम गर्न योगदान तथा शिक्षणको गुणस्तर सुधार का लागि पुर्‍याएको सराहनीय भूमिकाको कदर गर्दै उनलाई उत्कृष्ट शिक्षक घोषणा गरिएको विद्यालयलका प्रअ यादवले बताए ।

विद्यालयले शिक्षकहरूलाई आफ्नो जिम्मेवारीप्रति थप उत्तर दायी बनाउँदै शिक्षण सिकाइको गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले नियमित रूपमा मासिक उत्कृष्ट शिक्षक घोषणा गरी प्रशंसापत्रसहित सम्मान गर्दै आएको छ।

विद्यालयको शैक्षिक वातावरण सुधार, अनुशासन कायम तथा विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्न शिक्षकहरूको सक्रियता र योगदानलाई प्रोत्साहन गर्ने उद्देश्यले सञ्चालन गरिएको यस अभ्यासले शिक्षकहरूलाई थप जिम्मेवार र प्रेरित बनाउने अपेक्षा गरिएको छ।

**सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं**

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार

सम्सी गाउँपालिका, महोत्तरी

**सर्पको टोकाइबाट बचौं र बचाऔं**

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुर्‍याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

सोनमा गाउँपालिका, महोत्तरी

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ बर्ष नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

२४ सै घण्टा इमर्जेन्सी सेवा
ICU, NICU, PICU सेवा
X-Ray, USG, CT Scan सेवा
Endoscopy/Diode Laser सेवा
Laproscopy सेवा
क्याबिनको स्पेनेट व्यवस्था भएको
बिभिन्न रोगहरूको विशेषज्ञ डाक्टरहरूद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
24/7 Ambulance सेवा




शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिबास, महोत्तरी
044-550255

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८९४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,